मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## (सामान्य प्रशासन शाखा)

सााँवा, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

---

### करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७४/०९/२३)

मिक्वाखोला गाउँ कार्यपालिकाको मिति २०७४/०९/१८ गतेको कार्यपालिका बैठकबाट कर्मचारी व्यवस्थापन कार्यविधिका सन्दर्भमा भएको निर्णयानुसार मिक्वाखोला गाउँपालिकामा रहेको रिक्त दरबन्दीमा स्थायी पदपूर्ति नभएसम्म वा समायोजन ऐन, २०७४ बमोजिम पदपूर्ति नभएसम्मको लागि देहायका पदहरुमा करार सेवामा पदपूर्ति गर्न ईच्छुक आवेदकहरुलाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको website: www.mikwakholamun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

| विज्ञापन नं. | पद | पद सङ्ख्या | समूह | कैफियत |
|---|---|---|---|---|
| १०८/०७४-०७५ | सिभिल न्जिनियर | १ (एक) | खुला | |
| १०९/०७४-०७५ | सव-इन्जिनियर | १ (एक) | खुला | |
| ११०/०७४-०७५ | प्रशासन सहायक | ३ (तीन) | खुला | |
| १११/०७४-०७५ | प्रशासन सहायक | २ (दुई) | महिला | |
| ११२(०७४-०७५) | प्रशासन सहायक | १ (एक) | आदिवासी जनजाती | |
| ११३(०७४-०७५) | कम्प्युटर अपरेटर | १ (एक) | खुला | |

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता

**परीक्षा केन्द्रः-** गाउँ कार्यपालिकाको कार्यालयले पछि निर्धारण गरे अनुसार हुनेछ।

**आवश्यक न्यूनतम योग्यताः-** लोक सेवा आयोगले सञ्चालन गर्दै आएको मापदण्ड बमोजिम हुनेछ।

**दरखास्तको माध्यमः-** ईच्छुक आवेदकले उपर्युक्त बमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, व्यक्तिगत विवरण, आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र तथा अनुभव आदिको प्रमाणित प्रतिलिपिहरुसाथ राखी रीतपूर्वको आवेदन फाराम भरी हुलाक, यस कार्यालयको ईमेल ठेगाना mikwakhola.rm@gmail.com मार्फत वा स्वयम् उपस्थित भई आवेदन दिनुपर्नेछ।

**उम्मेदवारको उमेर हदः-** दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने तर महिला र अपाङ्गको उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। तर प्राविधिक पदको हकमा लोक सेवा आयोगको प्रचलित मापदण्ड बमोजिम हुनेछ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७४/१०/०७ गते सम्म उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन।

**दोब्बर दस्तुर सहित दरखास्त बुझाउने मितिः-** २०७४/१०/१४ गते सम्म उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन।

मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## (सामान्य प्रशासन शाखा)

साँवा, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

---

| | |
|---|---|
| **दरखास्त दस्तुरः-** | इन्जिनियर पदका लागि रु. १०००.०० (एक हजार रुपैयाँ), सव –इन्जिनियर पदका लागि रु. ४०० (चार सय रुपैयाँ), कम्प्युटर अपरेटर पदका लागि रु. ४०० (चार सय रुपैयाँ) र प्रशासन सहायक पदका लागि रु. ३०० (तीन सय रुपैयाँ) र थप समावेशी समूह तर्फ प्रत्येक समूहका लागि रु. १५० (एक सय पचास रुपैयाँ) दस्तुर लाग्नेछ। |
| **दरखास्त दस्तुर बुझाउने स्थानः-** | मिक्वाखोला गाउँ कार्यपालिकाको कार्यालय, साँवा ताप्लेजुङमा बुझाउन वा यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको खाता नं. ०६२०३०००००००००४००१०६७ मा जम्मा गर्न सकिनेछ। |
| **आवेदन स्वीकृति प्रकाशनः-** | २०७४/१०/१५ गते |
| **लिखित परीक्षा मिति :-** | २०७४/१०/१६ गते (प्रशासन सहायक), २०७४/१०/१७ गते (कम्प्युटर अपरेटर), २०७४/१०/१८ गते (सव-इन्जिनियर), २०७४/१०/१९ गते (इन्जिनियर) का लागि उक्त दिनको थप परीक्षा तालिका पछि प्रकाशन गरिनेछ। |
| **अन्तर्वार्ता मितिः-** | लिखित परीक्षा भएको दिन सूचना प्रकाशन गरिनेछ। |
| **तलबः-** | प्रचलित कानून बमोजिम हुनेछ। |
| **परीक्षा पाठ्यक्रमः-** | लोक सेवा आयोगको प्रचलित पाठ्यक्रम अनुसार हुनेछ। |
| **पुनश्चः-** | थप जानकारीको लागि सम्पर्क नं. ९७४२६९१९४३ मा सम्पर्क गर्न सक्नु हुनेछ। |